# मानव अधिकार नीति

**प्रस्तावना**

मानव अधिकार विश्वव्यापी र सबै मानिसहरुको लागि अपरिहार्य; अविभाज्य; परनिर्भर र अन्तरसम्बन्धित हुन्छन् । मानव अधिकार जाति, लिङ्ग, राष्ट्रियता, जातीयता, भाषा, धर्म, वा कुनै पनि अन्य स्थितिको मतलब नगरी सबै मानवमा अन्तर्निहित हुन्छ । मानव अधिकारमा मानिसहरुको आफ्नो जीवन स्वतन्त्रताका साथ बाँच्ने, दासताबाट स्वतन्त्रता, यातना वा धम्की बिना बाँच्न पाउने, बोल्ने स्वतन्त्रता, काम गर्ने समान अधिकार, सजिलै उपलब्ध हुने शिक्षा, र सम्मान र मर्यादाका साथ बाँच्न पाउने अधिकारहरु समावेश भएका हुन्छन् । सबैजना मानिसहरु कुनै पनि खालका भेदभावबिना यी अधिकारहरूको हकदार छन्, र सरकार यस्ता अधिकारहरूलाई सम्मान गर्ने, सहायता गर्ने, र प्रबर्धन गर्ने काममा जिम्मेवार रहेको हुन्छ ।

**भिजन**

Greens को दर्शन भनेको विश्व हो, जहाँ मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणा पत्र (UDHR) का सिद्धान्तहरू विश्वव्यापी रूपमा लागू गरिएका हुन्छन् । जहाँ मानव अधिकार र व्यक्ति तथा समूहहरूको मौलिक स्वतन्त्रताको प्रबर्धन, संरक्षण र सम्मान गर्ने सरकारहरूको दायित्व तोक्दै अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको राष्ट्रिय र अन्तर्राष्ट्रिय पालनालाई प्राथमिकता दिइन्छ । यी दायित्वहरु आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार र यसको प्रोटोकलमा अन्तर्राष्ट्रिय सन्धिसहितका सम्झौता; नागरिक र राजनीतिक अधिकार र यसको प्रोटोकलहरुमा अन्तर्राष्ट्रिय सन्धि; र अधिकार र स्वतन्त्रताको संरक्षणको लागि धेरै अन्य अन्तर्राष्ट्रिय सम्मेलनहरूबाट स्पष्ट रुपमा व्यक्त हुन्छन् । यी अधिकारहरूलाई स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा कार्यान्वयनको टड्कारो आवश्यकता रहेको छ ।

**उद्देश्य**

उद्देश्य भनेको बलियो राष्ट्रिय मानव अधिकार प्रणाली हो जसले जाति, लिङ्ग, यौन प्राथमिकता, वा अन्य विभेदकारी उपायहरू बेवास्ता गर्दै सबैका लागि मानव अधिकारहरूको अनुगमन, सुरक्षा, र लागू गर्दछ - र यसले अन्तर्राष्ट्रिय मानव अधिकार निकाय, कानून, र अभ्यासहरूमा सक्रिय सहभागिता र पालना गरेको हुन्छ ।

**कार्य योजना**

विश्वव्यापी मानव अधिकारहरू आधारभूत हुन्छन् र सबै देश र सबै मानिसहरूका लागि सम्मान र संरक्षण गर्ने खालको हुनुपर्छ । आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय, नागरिक र राजनीतिक अधिकारहरू सार्वभौमिक, पारस्परिक रुपमा निर्भर, विभाजन गर्न नसकिने, र अन्तरसम्बन्धित रहेका छन् । तसर्थ, ग्रीनहरुले निम्न कार्यहरु गर्नेछन् -

**मानव अधिकारप्रति प्रतिबद्धता**

- मानव अधिकारको विश्वव्यापी घोषणापत्र, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) महासभा, आदिवासी अधिकार, अन्य अन्तर्राष्ट्रिय वस्तुहरु सम्बन्धि संयुक्त राष्ट्र संघीय घोषणापत्र र अधिकार र स्वतन्त्रताको संरक्षणको लागि विश्वव्यापी Greens बडापत्र, र तिनीहरुलाई राष्ट्रिय कानूनमा लागू गर्ने ।

- मानव अधिकारसम्बन्धि सचेतना बढाउन र ती कुराहरूको संरक्षण गर्ने कुराको सुनिश्चित गर्न स्थानीय समुदायहरूसँग काम गर्ने ।
- मानव अधिकारको लागि संयुक्त राष्ट्र संघीय आयोग र अन्य सन्धि गर्ने निकायहरु पर्याप्त स्रोतहरु रहेका छन् भन्ने कुराको सुनिश्चित गर्ने ।
- स्वस्थ प्राकृतिक वातावरणको अधिकार तथा प्राकृतिक र सांस्कृतिक स्रोतको बीचमा रहेको अधिकारलाई समावेश गर्न मानवअधिकारको सर्वव्यापी घोषणा पत्रको संशोधन गर्न जोड दिने ।
- सार्वभौमिक र प्रभावकारी पहिचान र हरेक सिद्धान्तको निरीक्षण र मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा अभिव्यक्त गरेको कुरालाई सुरक्षित गर्ने ।
- सबै अन्तर्राष्ट्रिय मानव अधिकार सम्मेलनहरूको वैकल्पिक प्रोटोकलसहित तिनीहरूलाई स्वीकृत गर्ने र पालना गर्ने ।
- अन्तर्राष्ट्रिय मानव अधिकार कानून राष्ट्रिय कानूनबाट पनि सुरक्षित छ भनेर सुनिश्चित गर्ने जुनकुरालाई सरकारले अनिवार्य रुपमा अपनाइएको छ र यी कुराहरुको सम्मान, संरक्षण, र देशभित्र प्रबर्धन गरिएको छ भन्ने कुरा सुनिश्चित गर्ने ।
- मानिसहरूका 'जीवन र वातावरणमा असर पार्ने खालका निर्णय गर्ने प्रक्रियामा सबैजनाको सहभागी हुने बराबर मौका रहेको हुन्छ भन्ने कुराको सुनिश्चित गर्ने ।
- सबै मानिसको स्वतन्त्र रुपमा अभिव्यक्ति दिने र सभा गर्ने अधिकार सुनिश्चित गर्ने ।

**आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार**

- काम गर्ने अधिकार र न्यायोचित र अनुकूल अवस्थामा सामाजिक सुरक्षा गर्ने अधिकारको सुनिश्चित गर्ने।
- सबै मानिसको भेदभाव बिना नै समान कामको लागि समान भुक्तानी हुने अधिकार छ भन्ने कुराको सुनिश्चित गर्ने।
- उपयुक्त बसोबास गर्ने र सबैभन्दा उच्च स्तर शारीरिक र मानसिक अवस्था रहेको कुराको सुनिश्चित गर्ने ।
- शिक्षा प्राप्त गर्ने अधिकार र सांस्कृतिक स्वतन्त्रता र वैज्ञानिक प्रगतिको लाभको आनन्द लिने कुराको सुनिश्चित गर्ने ।

**सामुदायिक अधिकार**

- मूख्य संस्कृति वा सरकारको अनावश्यक एकरूपताको मूल्य र जीवन शैली बाध्यकारी बनाएर नलगाइकन नागरिकको रूपमा बराबर अधिकार र सामुदायिक दायित्व सुनिश्चित गर्ने ।
- सशक्त वा विपन्न र विभेद भएका सबै समुदायहरु, जातीयता, जाति, विश्वास, धर्म, लिंग, भाषा, भौगोलिक स्थान, वा कुनै पनि अन्य स्थितिको आधारमा भेदभावबिना कानूनको संरक्षण पाउन हकदार समाजका वर्गहरू हुन् भनेर मान्यता दिनुहोस् ।
- स्थानीय समुदायसँगको साझेदारीमा विकास गरिएको कानुनी सुरक्षामार्फत हाल रहेको र काम गर्ने प्रकृतिलाई सहयोग गर्ने ।
- कम्पनीले समुदायको अधिकार उल्लङ्घन गर्ने सामुदायिक गतिविधि गर्न प्रस्ताव गर्ने समुदाय र वातावरणको सुरक्षा गर्न कानून बनाउने ।
- महिलाहरूलाई उपयुक्त, भेदभाव वा जबरजस्ती नगरिएको आफ्नो प्रजननमा आफ्नो नियन्त्रण गर्ने निर्णयहरु सहित उनीहरुको निर्णयहरु गर्ने अधिकारमा सहयोग गर्ने ।

- महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW) मा सहायता गर्ने ।
- आदिवासी जनजातिहरुको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्रलाई सहायता गर्ने र आदिवासीहरुलाई उनीहरुको आफ्नो अन्तर्राष्ट्रिय निकायहरुमार्फत स्थापना गर्न र काम गर्न सहयोग पुर्‍याउने ।
- आत्म-निर्णय, भूमिको अधिकारमा आदिवासी र जनजाती मानिसहरुलाई सहायता गर्ने, र मानवीय र पारिस्थितिक रुपमा दिगो प्रविधी प्रयोग गरेर, परम्परागत जनजातीको आफ्नो निर्वाहका लागि अधिकारमा पहुँच पुर्‍याउन सहयोग गर्ने ।

**अन्तर्राष्ट्रिय**

- सरकारले आफ्नो कूटनीतिक र अन्तर्राष्ट्रिय कार्यक्रमको बेलामा एजेन्डामा मानव अधिकारको उल्लंघनको विषय राख्ने कुरा सुनिश्चित गर्ने ।
- विरोधीहरुलाई कडा रुपमा यातना दिने, अवैधानिक रुपमा कैद गर्ने, अनियन्त्रित व्यक्तिगत डाटा खुलासाको रूपमा धम्काउने वा पश्चिमी सरकारहरूले गरेको असाधारण व्याख्याको बिरोध गर्ने जस्ता डराउनु धम्काउने गर्ने साजनीतिक हिंसाको बिरोध गर्ने ।
- तानाशाही र शासकहरूको राजनीतिक दावीहरूको पर्वाह नगरी मानव अधिकारलाई अस्वीकार गर्ने उनीहरु बिरूद्ध कार्य गर्ने ।
- राजनीतिक कैदीलाई रिहाई गर्ने र यातना दिने व्यक्तिहरुलाई समयमा नै न्याय दिलाउन सुनिश्चित गर्ने ।
- महिला तथा बच्चाहरुको तस्करी र सबै प्रकारको दासत्वको अन्त्य गर्ने ।
- अन्तर्राष्ट्रिय फौजदारी अदालतको भूमिकालाई बढावा दिने र सुदृढ पार्ने र रोमको कानून स्वीकृत गर्न सबै राष्ट्रहरूलाई प्रोत्साहित गर्न सम्पूर्ण उपलब्ध स्रोत-साधनहरूको प्रयोग गर्ने ।
- विदेशी देशहरूबाट मानव अधिकार उल्लङ्घनको सिकार भएका नागरिकहरूको रक्षा गर्ने ।
- मानव अधिकार उल्लङ्घन गर्ने प्रशासन र सरकारहरूमा कूटनीतिक र व्यावसायिक दबावको प्रयोग सहित अन्य देशहरूमा अन्तर्राष्ट्रिय मानव अधिकारहरूको प्रबर्धन गर्ने ।
- मृत्यु दण्डलाई अन्त्य गर्ने, सबै अवस्थामा मृत्यु दण्डको बिरुद्धमा आवाज उठाउने र यसको उन्मूलनको लागि अभियानहरु चलाउने ।
- जातीय, धार्मिक, क्षेत्रीय वा विकाससम्बन्धि दावीको आधारमा स्रोत-संसाधनहरूको लागि जबरजस्ती निकाष्सन गर्ने, राज्यहरुलाई आक्रमण, र भूमि कब्जा गर्ने अभ्यासलाई अन्त्य गर्ने ।
- अन्तर्राष्ट्रिय सम्झौताले अनिवार्य भन्ने प्रकृति र समुदाय अधिकारलाई थप विकास, परिष्कृत र अभिव्यक्त गर्ने प्रयासलाई सहायता र प्रबर्धन गर्ने ।

**सन्दर्भसूची:**


https://www.un.org/en/sections/issues-depth/human-rights/

https://www.un.org/en/sections/what-we-do/protect-human-rights/

https://www.cagreens.org/platform/human-rights-civil-liberties

https://www.cagreens.org/platform/human-rights-civil-liberties

https://greens.org.au/policies/human-rights

https://www.greens.org.nz/human_rights_policy

https://www.greenparty.ca/en/statement/2019-12-10/green-party-statement-human-rights-day

https://policy.greenparty.org.uk/rr.html
https://indiagreensparty.org/policies/human-rights/
https://www.globalgreens.org/brazil2008/declarations/21_commitments